# भाग ४

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारको निर्णयानुसार खण्ड ३८, संख्या ५०.मिति २०४५।१२।२१ नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाको नं. १३ पाल्पा शहरी क्षेत्रको मूलसडकहरूको खण्ड (ख) अञ्चल नं. २ मा रहेको "तीन कुनासम्म" भन्ने शब्दहरूपछि " र सो तीन कुनादेखि मेहलधारा हुँदै मिशन अस्पतालसम्म" भन्ने शब्दहरू थप गरिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
सूर्यनाथ सुवेदी
श्री ५ को सरकारको का.मु.सचिव

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

खण्ड ३९, संख्या २०, मिति २०४६।५।१२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनामा उल्लेख भए अनुसारको पुनरावेदन समितिको कार्यालय यसै मन्त्रालय भवनमा रहेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
मीना रोक्का
उप-सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

### सूचना १

यस मन्त्रालयअन्तर्गत यातायात व्यवस्था विभागको महानिर्देशक पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मिति २०४६।६।६को निर्णयानुसार यसै मन्त्रालयका उपसचिव श्री राजेन्द्रपुरुष ढकाललाई का. मु. मुकरर गरेको छ ।

### सूचना २

श्री ५ को सरकारको मिति २०४६।७।१८ को निर्णयानुसार यातायात व्यवस्था विभागका का. मु. महानिर्देशक श्री राजेन्द्रपुरुष ढकालको पदाधिकार यस मन्त्रालयको उपसचिव पदबाट यातायात व्यवस्था विभागको उप-महानिर्देशक पदमा सारिएको छ ।

आज्ञाले,
गजेन्द्रबहादुर मूल
उप-सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५६